त्रिभुवन विश्वविद्यालय
मानवीकि तथा सामाजिक शास्त्र संकाय

# अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विभाग

*विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर, काठमाण्डौ ।*

मितिः २०७९/०८/०७

## स्नातकोत्तर (MA) तह दोस्रो सेमेष्टरको सत्रान्त परीक्षाको अनलाइन (Online) फाराम भर्ने सम्बन्धी जरुरी सूचना!

उपरोक्त सम्बन्धमा त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयको मिति २०७९।०८।०६ गतेको सत्रान्त परीक्षाको अनलाइन (Online) फाराम भर्ने सम्बन्धी सूचना अनुसार यस अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विभागमा सेमेस्टर प्रणालीमा सञ्चालित स्नातकोत्तर (MA) तहको शैक्षिक वर्ष २०२१ दोश्रो सेमेष्टरका नियमित तथा सोभन्दा अघि (शैक्षिक वर्ष २०१८ सम्म) का आंशिक परीक्षार्थीहरूको **दोस्रो सेमेस्टर**को सत्रान्त परीक्षा २०७९ साल पौषको दोस्रो हप्ता पश्चात् सञ्चालन हुने भएकाले सम्बन्धित सबै विद्यार्थीहरूलाई २०७९ साल मङ्सिर २९ गतेसम्म अनलाइन परीक्षा फाराम भर्नका लागि सूचित गरिन्छ । विद्यार्थीद्वारा आफू अध्ययनरत यस अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विभागको नाम उल्लेख गरी मानविकी तथा सामाजिक शास्त्र सङ्कायको वेवसाइट **www.tufohss.edu.np**मा अंकित **https://exam.tufohss.edu.np** मार्फत वेवसाइटमा उल्लेखित निर्देशन अनुसार अनलाइन परीक्षा फाराम भर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फाराम उपर कुनै कार्यवाही हुने छैन ।

- **परीक्षा फाराम भर्ने समयावधि** : मिति २०७९ साल मङ्सिर २९ गते राति १२:०० बजेसम्म र उक्त समयावधि पछि दोब्बर दस्तुरमा २०७९ पौष ०३ गते राति १२:०० बजेसम्म ।
- **परीक्षा दस्तुर** : परीक्षार्थीले परीक्षा शुल्क वापतको रकम यस विभागको नाममा **ग्लोबल आईएमई बैंक**, कीर्तिपुर शाखामा रहेको बैंक खाता नम्बर **०५०१०१००००५४३**मा रकम **रू. २,५००/-** (अक्षरेपी रू. दुई हजार पाँच सय मात्र) जम्मा गरी सोको भौचर Upload गरी भाउचरको सक्कल प्रति यस विभागको लेखा शाखामा बुझाउनु पर्नेछ ।
- परीक्षार्थीहरूले अनलाइन परीक्षा फाराममा विवरण भर्दा विषयको शीर्षक र कोड नं. शुद्ध र स्पष्टसँग भर्नुपर्नेछ । यदि अनलाइन फाराम भर्दा कुनै समस्या भएमा विभागमा सम्पर्क राख्नुपर्ने छ ।
- अनलाइन परीक्षा फाराममा विद्यार्थीहरूले दुवै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो, फाराममा तोकिएको ठाउँमा दस्तखत र स्थानान्तरण-पत्र (अन्य क्याम्पस/कलेजबाट स्थानान्तरण भई आएका विद्यार्थीहरूका लागि मात्र) आदि Upload गर्नुपर्ने छ ।
- डीन कार्यालयबाट परीक्षा फाराम स्वीकृत (Approved) भएका परीक्षार्थीहरूको प्रवेश-पत्र मिति २०७९ साल पौष ०७ गतेदेखि सम्बन्धित विद्यार्थीहरूले आफ्नै username र password प्रयोग गरी https://exam.tufohss.edu.np बाट अनलाइन मार्फत प्राप्त गर्न सक्ने छन् ।

**अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विभाग**

# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
### डीनको कार्यालय, बल्खु, काठमाडौं ।

**मितिः २०७९/०८/०६**

**स्नातकोत्तर (MA) तह दोस्रो र चौथो सेमेस्टर तथा अधिस्नातक (PGD) तह दोस्रो सेमेस्टरको सत्रान्त परीक्षाको अनलाइन (Online) फाराम भर्ने सम्बन्धी जरुरी सूचना !**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित स्नातकोत्तर (MA) तहको शैक्षिक वर्ष २०२१ का नियमित तथा सोभन्दा अघि (शैक्षिक वर्ष २०१८ सम्म) का आंशिक परीक्षार्थीहरूको **दोस्रो सेमेस्टर** र शैक्षिक वर्ष २०२० का नियमित तथा सोभन्दा अघि (शैक्षिक वर्ष २०१७ सम्म) का आंशिक परीक्षार्थीहरूको **चौथो सेमेस्टर** तथा अधिस्नातक (PGD) तह दोस्रो सेमेस्टरको सत्रान्त परीक्षा २०७९ साल पौषको दोस्रो हप्ता पश्चात् सञ्चालन हुने भएकाले सम्बन्धित सबै विद्यार्थीहरूलाई २०७९ साल मङ्सिर २९ गतेसम्म अनलाइन परीक्षा फाराम भर्नका लागि सूचित गरिन्छ ।

विद्यार्थीद्वारा आफू अध्ययनरत केन्द्रीय विभाग/विभाग/कार्यक्रमको नाम उल्लेख गरी यस सङ्कायको वेवसाइट www.tufohss.edu.np मा अंकित https://exam.tufohss.edu.np मार्फत वेवसाइटमा उल्लेखित निर्देशन अनुसार अनलाइन परीक्षा फाराम भर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फाराम उपर कुनै कार्यवाही हुने छैन ।

- **परीक्षा फाराम भर्ने समयावधि :** मिति २०७९ साल मङ्सिर २९ गते राति १२:०० बजेसम्म र उक्त समयावधि पछि दोब्बर दस्तुरमा २०७९ पौष ०३ गते राति १२:०० बजेसम्म ।
- **परीक्षा दस्तुर :** परीक्षार्थीले आफू अध्ययनरत केन्द्रीय विभाग/क्याम्पसको नाममा रहेको बैंक खातामा रू. १,५००/- (अक्षरेपी रू. एक हजार पाँच सय मात्र) र आन्तरिक स्रोतबाट सञ्चालित स्नातकोत्तर (MA) कार्यक्रम तथा अधिस्नातक (PGD) तहका परीक्षार्थीले आफू अध्ययनरत विभाग/कार्यक्रमको नाममा रहेको बैंक खातामा रू. २,५००/- (अक्षरेपी रू. दुई हजार पाँच सय मात्र) जम्मा गरी सोको भौचर Upload गर्नु पर्ने ।
- परीक्षार्थीहरूले अनलाइन परीक्षा फाराममा विवरण भर्दा विषयको शीर्षक र कोड नं. शुद्ध र स्पष्टसँग भर्नुपर्नेछ । यदि अनलाइन फाराम भर्दा कुनै समस्या भएमा सम्बन्धित विभाग/क्याम्पसमा सम्पर्क राख्नुपर्ने छ ।
- सम्बन्धित विभाग/क्याम्पस तथा कार्यक्रमहरूले विद्यार्थीहरूले प्राप्त गरेको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क र हाजिरी विवरण परीक्षा फाराममा अनलाइनमार्फत भरी पठाउनु पर्नेछ ।
- अनलाइन परीक्षा फाराममा विद्यार्थीहरूले दुवै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो, फाराममा तोकिएको ठाउँमा दस्तखत र स्थानान्तरण-पत्र (अन्य क्याम्पस/कलेजबाट स्थानान्तरण भई आएका विद्यार्थीहरूका लागि मात्र) आदि Upload गर्नुपर्ने छ ।
- सम्बन्धित विभाग/क्याम्पस तथा कार्यक्रमहरूले परीक्षार्थीहरूको फाराम शुल्कको एकमुष्ट रकम यस डीन कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखामा रहेको खातामा Single दस्तुरको २०७९ साल पौष ०३ गतेभित्र र दोब्बर दस्तुरको पौष ०४ गतेभित्र अनिवार्य रुपमा जम्मा गरिसक्नु पर्ने छ । उक्त अवधिभन्दा पछि शुल्क बुझाएमा सम्पूर्ण फारामहरूको दोब्वर दस्तुर लाग्ने छ ।
- सम्बन्धित विभाग/क्याम्पस तथा कार्यक्रमहरूले डीन कार्यालयबाट उपलब्ध गराइएको User ID र Password प्रयोग गरी विद्यार्थीहरुले भरेका अनलाइन परीक्षा फाराम २०७९ साल पौष ०३ गतेभित्र र दोब्बर दस्तुरको हकमा पौष ०४ गतेभित्र रूजु र प्रमाणित (Verify) गरिसक्नु पर्नेछ । विद्यार्थीहरूले भरेका र क्याम्पस/विभागहरूले भर्नु पर्ने सम्पूर्ण विवरणहरू ( **विद्यार्थीहरूको हाजिरी, आन्तरिक मूल्याङ्कन लगायत अन्य विवरणहरू**) को रूजु र प्रमाणीकरण गरिसकेपछि सम्बन्धित विभाग/क्याम्पस तथा कार्यक्रमहरूको पत्र सहित परीक्षा शुल्क बुझाएको सक्कल भौचर र विद्यार्थीको आन्तरिक मूल्याङ्कनको सक्कल प्रति (Hard Copy) २०७९ साल पौष ०५ गतेभित्र यस कार्यालयमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।
- डीन कार्यालयबाट परीक्षा फाराम स्वीकृत (Approved) भएका परीक्षार्थीहरूको प्रवेश-पत्र मिति २०७९ साल पौष ०७ गतेदेखि सम्बन्धित विद्यार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी https://exam.tufohss.edu.np बाट अनलाइन मार्फत प्राप्त गर्न सक्ने छन् ।

**सहायक डीन**